STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

सवारी साधन चलाउँदा बाटो काट्दा नियमहरु पालन गरौं, आफू पनि जोगिऔं अरुलाई पनि जोगाऔँ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ६ गते बुधबार ❑ 21 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## विषाक्त मदिरा पिउँदा चारको मृत्यु, दुई गम्भीर

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**

विषाक्त मदिरा पिउँदा बागलुङमा चार जनाको मृत्यु भएको छ ।

जिल्लाको गलकोट नगरपालिका-७ मल्मस्थित खानेपानी आयोजनामा काम गर्ने मजदुरहरू २१ वर्षीय दीपेन्द्र पुन, ३९ वर्षीय दूधबहादुर राना, ५१ वर्षी रेखबहादुर राना र ३० वर्षीय प्रविन घर्तीको विषाक्त मदिरा पिएर मृत्यु भएको हो। सोमबार स्थानीय मदिरा पसलमा 'लोकल' मदिरा सेवन गरेका उनीहरू गम्भीर बिरामी परेका थिए। मदिरा सेवनपछि बिरामी परेका उनीहरूको धौलागिरी अस्पताल बागलुङमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिए ।

घटनाका विषयमा थप अनुसन्धान भइरहेको छ । मदिरा पसल सञ्चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । रक्सी सेवन गरी गम्भीर बिरामी परेका दुई जनालाई पोखरा पठाइएको छ। धौलागिरि अस्पतालमा उपचाररत रहेका रोल्पा सुनिल स्मृति गाउँपालिका-५ गजुलका ३८ वर्षीय खेमराज घर्ती र २६ वर्षीय रविन पुनलाई थप उपचारका लागि पोखरास्थित गण्डकी अस्पताल पोखरा पठाइएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र बी पोखरेलले जानकारी दिए।

दुवैको मिर्गौलामा असर पुऱ्याएको जनाइएको छ । नगरपालिकामा मजदुरी गर्दै आएका चारजना मजदूरको भने मंगलबार बिहान मदिरा सेवन गरेका कारण ज्यान गएको थियो। उनीहरूको चार जनाको धौलागिरि अस्पतालमा उपचारका क्रममा ज्यान गएको हो । घटनाको छानबिन गर्न प्रहरी नायब उपरीक्षक इकवाल हवारीको नेतृत्वमा अनुसन्धान समिति गठन भएको छ ।

जिल्ला प्रहरी कार्यालय बागलुङका प्रवक्तासमेत रहनुभएका प्रहरी नायब उपरीक्षक हवारीको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको प्रहरीले जनाएको छ । बागलुङमा पहिलोपटक चारजनाको विषाक्त रक्सी सेवनका कारण ज्यान गएपछि प्रहरी गम्भीर भएर अनुसन्धानमा लागेको प्रहरी प्रमुख एवम् प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लिमगरले बताए । "सात दिनको समय दिएर डिएसपी सापको नेतृत्वमा टोली पठाएको छु", उनले भने, "अहिलेसम्म दुईजना पक्राउ परेका छन्, मजदूरले खाएका चाउचाउ, दालमोठ र मदिराका भाँडाहरुसमेत बरामद गरेका छौँ ।" पक्राउ पर्नेमा पसल सञ्चालक भद्रबहादुर थापा र स्थानीयवासी भक्तबहादुर बलाल रहेका छन् । उनीहरुसँग अहिले सोधपुछ चलिरहेको र शवपरीक्षणको रिपोर्ट आएपछि थप अनुसन्धान अगाडि बढाइने उनले बताए ।

## एमालेले आन्तरिक एकताका लागि अन्तिम समयसम्म पहल गर्ने

**रासस**
**काठमाडौं, ५ साउन**

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) को आजको केन्द्रीय कमिटीको बैठकले १० बुँदे सहमतिलाई कार्यान्वयन गर्दै आन्तरिक एकताका लागि अन्तिम समयसम्म प्रयास गर्ने निर्णय गरेको छ।

पार्टीको नीति विपरीत नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिनुभएका नेता माधवकुमार नेपालसहित २२ सांसदलाई स्पष्टीकरण सोधेको एमालेले पत्र पुगेको २४ घण्टापछि सोबारे निर्णय गर्ने भएको छ । एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीका अनुसार पार्टीको विवाद समस्या समाधान कार्यदलका संयोजक सुवास नेम्वाङले मंगलबारको बैठकमा गत असार २७ मा भएको १० बुँदे सहमतिको पृष्ठभूमि र कार्यान्वयनका चरणबारे ब्रिफिङ गर्नुभएको थियो । उक्त सहमतिलाई सोमबारको बैठकले अनुमोदन गरिसकेको छ । मंगलबारको बैठकमा विभिन्न प्रदेश कमिटीका अध्यक्षले सम्बन्धित प्रदेशको राजनीतिक र साङ्गठनिक स्थितिबारे जानकारी तथा सुझाव दिएको र बुधबार त्यसमाथि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विप्लवको भेटवार्ता : वामपन्थी एकता कि सहमति कार्यान्वयनको खोजी ?

**रासस**
**काठमाडौं, ५ साउन**

मिति २०७८ असार ३० गते नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग खुमलटारमा भेटवार्ता।

मिति २०७८ असार ३१ गते नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपालसँग कोटेश्वरमा भेट, लगत्तै नेपाल र प्रचण्डसँग संयुक्त भेटवार्ता।

मिति २०७८ साउन १ गते जनता समाजवादी पार्टी नेपालका नेता डा बाबुराम भट्टराईसँग भेटवार्ता।

मिति २०७८ साउन २ गते आफ्ना राजनीतिक गुरु एवं नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्यसँग भेटघाट।

मिति २०७८ साउन ३ गते एमाले प्रवेश गरेका पूर्वमाओवादी नेताहरू टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा र प्रभु साहसँग भेटवार्ता।

मिति २०७८ साउन ५ गते एमाले अध्यक्ष केपी शर्मा ओलीसँग बालकोटमा भेटवार्ता।

खुला राजनीतिमा आएपछि पनि झण्डै पाँच महिनासम्म 'गुमनाम' बनेका नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले पछिल्ला केही दिनयता राजनीतिक भेटघाटलाई तीव्र पार्नुभएको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग तीनबुँदे सम्झौता गरेर भूमिगत राजनीति परित्याग गर्नुभएका चन्दको ओली सत्ताबाट बाहिरिएसँगै भइरहेको राजनीतिक भेटवार्तालाई चासोका साथ हेरिएको छ। पछिल्ला एक सातािभत्र चन्दले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकलम दाहाल 'प्रचण्ड', नेकपा



(एमाले)का वरिष्ठ नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका नेता डा बाबुराम भट्टराई, आफ्ना राजनीतिक गुरु एवं नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य, एमाले प्रवेश गरेका पूर्वमाओवादी नेताहरू टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा र प्रभु साह, एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको छ।

राजनीतिक भेटवार्ता मूलतः सरकार र नेकपाबीच गत फागुन २० गते भएको तीनबुँदे सहमति कार्यान्वयनको अवस्था र वर्तमान राजनीतिक परिस्थितिका बारेमा केन्द्रित रहेको प्रस्ट देखिएको छ । विशेषतः प्रचण्डसँगको भेटमा चन्दले ओली नेतृत्वको सरकारसँग भएका सहमति शेरबहादुर देउवा नेतृत्वको सरकारले कुन ढङ्गले ग्रहण गर्छ भन्ने विषयमा कुराकानी गर्नुभएको बुझिएको छ। नेकपाका नेता धर्मेन्द्र बाँस्तोला मुख्यतः दुई बुँदामा केन्द्रित रहेर राजनीतिक भेटवार्ता भएको बताउनुहुन्छ । सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयन र वर्तमान राजनीतिक जटिलताको निकासका बारेमा महासचिव चन्दले छलफल गरेको उहाँले बताउनुभयो । "भेटवार्ताका क्रममा हामीले तीनबुँदे सहमति कार्यान्वयनमा भइरहेको ढिलाइका बारेमा जिज्ञासा राख्यौँ, सहमतिको कार्यान्वयन गरौँ भन्ने विषयलाई जोड दियौँ", उहाँले भन्नुभयो, "विभिन्न पार्टीका नेतासँग भएका भेटमा वर्तमान राजनीतिक घटनाक्रमका बारेमा पनि छलफल भए ।" नेकपाले सरकारसँग प्रगतिशील संयुक्त सरकार, जनमत सङ्ग्रह र वैज्ञानिक समाजवाद निर्माणका लागि बहस र छलफल चलाउने तीनबुँदे सहमति गरेको थियो । सोही सहमतिका आधारमा सरकारले नेकपाको गतिविधिमाथि लगाइएको प्रतिबन्ध हटाएको थियो। सरकारसँग भएको सहमतिअनुसार पक्राउ परेका कार्यकर्ता रिहा नभएको भन्दै नेकपाले सहमतिको कार्यान्वयनमा आशङ्का व्यक्त गर्दै आएको छ। अझै पनि नेकपाका कार्यकर्ता विभिन्न मुद्दामा कारागारमा थुनामा छन्। "अझै १२० भन्दा बढी हाम्रा कार्यकर्ता कारागारमा छन्", नेता बाँस्तोलाले भन्नुभयो, "कार्यकर्ता रिहाइमा भएको ढिलाइ विषयमा पनि भेटमा छलफल भएको हो ।" मोहन वैद्यसँगै तत्कालीन नेकपा (एकीकृत माओवादी) फुटाएर अलग्गै पार्टीमा लाग्नुभएका चन्दको वैद्यसँगको सहकार्य पनि लामो समय जान सकेन । वैद्यको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न हुन नसक्ने भन्दै उहाँले छुट्टै पार्टी बनाएर अगाडि बढ्नुभयो। ओली नेतृत्वको सरकारले चन्द नेतृत्वको नेकपाको गतिविधि गैरराजनीतिक प्रकृतिको भएको ठहर गर्दै प्रतिबन्ध लगाएको थियो । वामपन्थी विश्लेषक श्याम श्रेष्ठ चन्दको भेटवार्ताको शृङ्खलालाई दुई कोणबाट हेर्नुपर्ने बताउनुहुन्छ । सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयन र कार्यकर्ता रिहाइसँगै वामपन्थी एकताको सम्भावनाका विषयमा चन्दले छलफल गरेको हुनसक्ने उहाँको ठम्याइ छ। "विप्लव खुला राजनीतिमा आएपछि अब उहाँको बाटो के त ?", उहाँले भन्नुभयो, "डा भट्टराई, माधव नेपाल, प्रचण्डसँगको भेटवार्तामा के वामपन्थी मिल्न सक्छन् भन्ने विषयमा छलफल भएको हुनसक्छ ।" वामपन्थी एकताका लागि दाहाल, नेपाल र चन्दबीच कुराकानी भए पनि त्यसले मूर्त रूपमा पाउन कठिन देखिएको उहाँको भनाइ छ।

"वैचारिक र सैद्धान्तिक छलफल गहिरोसँग गरेर, मिलन विन्दु पहिल्याएर, कामकारबाहीमा एकरुपता ल्याएर गरेको एकता टिकेको देखिन्छ, सैद्धान्तिक विषय नटुङ्गीकन भएका एकता टुटेका छन्", श्रेष्ठले भन्नुभयो। वामहरूको एकता तत्काल सम्भव नभए पनि गठबन्धन लामो समयसम्म टिक्न सक्ने उहाँको बुझाइ छ। विश्लेषक श्रेष्ठ माओवादी केन्द्र, एमालेको माधव नेपाल पक्ष र चन्द नेतृत्वको नेकपाबीचको 'एलायन्स' सम्भव देख्नुहुन्छ। "चन्द सशस्त्र सङ्घर्षको बाटोमा हुनुहुन्थ्यो, सशस्त्र सङ्घर्ष त्यागेपछि उहाँको बाटो के त अब ? त्यसो भएकाले यी तीन पक्षबीच गठबन्धन हुन सक्छ", उहाँले भन्नुभयो, "तर पार्टी एकता हुन सक्दैन।"

## लक्ष्यभन्दा तीन प्रतिशत कम राजश्व सङ्कलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**

आन्तरिक राजश्व कार्यालयले गत आर्थिक वर्षमा राजश्व सङ्कलनको लक्ष्य भेट्टाउन सकेन । राजश्व सङ्कलन सन्तोषजनक रहे पनि कोरोना महामारी रोकथामका लागि जारी निषेधाज्ञाले असर पारेका कारण निर्धारित लक्ष्यमा पुग्न नसकिएको उक्त कार्यालयले जनाएको छ। कास्की र स्याङ्जा कार्यक्षेत्र रहेको सो कार्यालयले लक्ष्यभन्दा तीन प्रतिशत कम राजश्व उठाएको हो।

गत आवमा रु चार अर्ब ८२ करोड २७ लाख ८५ हजार राजश्व उठाउने लक्ष्य लिइएकामा रु चार अर्ब ६७ करोड ८५ लाख ९५ हजार सङ्कलन भएको कार्यालयका सूचना अधिकारीसमेत रहनुभएका कर अधिकृत विजयप्रसाद लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार ९७ दशमलव एक प्रतिशत राजश्व जम्मा भएको छ। उक्त कार्यालय आव २०७६/७७ को तुलनामा भने राजश्व सङ्कलनको लक्ष्य नजीक पुगेको छ। सो आवमा रु पाँच अर्ब ६१ करोड ६७ लाख राजश्व उठाउने लक्ष्य रहेकामा रु चार अर्ब तीन करोड ११ लाख मात्र सङ्कलन भएको थियो । जुन लक्ष्यभन्दा २९ प्रतिशत न्यून थियो । कर अधिकृत लामिछानेले राजश्व सङ्कलन सन्तोषजन रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "राजश्वको शत्प्रतिशत लक्ष्य पूरा नभए पनि लक्ष्यको नजीक पुग्न सफल भयौँ। भुक्तानी टिडिएसहरू समयमै दाखिला नभएको र कोरोनाका कारण व्यापार-व्यवसायमा समेत असर पुगेकाले राजश्वमा केही कम भएको हो।" आव २०७७/७८ मा आयकरतर्फ रु दुई अर्ब ८५ करोड राजश्व सङ्कलन भएको छ। जुन लक्ष्यभन्दा बढी हो। रु दुई अर्ब ७७ करोड ८६ लाख आयकरबा ट राजश्व उठाउने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । यसैगरी मूल्य अभिवृद्धि करबाट रु एक अर्ब २९ करोड २० लाख, अन्तःशुल्कबाट रु १९ करोड ८५ लाख ६३ हजार, करको ब्याजबाट रु २८ करोड पाँच लाख ८६ हजार, घरभाडा करबाट रु पाँच करोड ५४ लाख ९६ हजार, स्वास्थ्य सेवा करबाट रु १२ लाख २२ हजार र शिक्षा करबाट रु चार लाख ५३ हजार राजश्व दाखिला भएको सूचना अधिकारी लामिछानेले जानकारी दिनुभयो।

यसै गरी उक्त कार्यालयमा गत वर्षमा ३० हजार ८९२ करदाता थपिएका थिए। आव २०७६/७७ को असार मसान्तसम्म एक लाख ३४ हजार ६७० करदाता भएकामा गत आवमा ३० हजार ८९२ करदाता बढेर एक लाख ६५ हजार ५६२ पुगेका हुन् । गत असार मसान्तसम्म व्यक्तिगत प्यानमा एक लाख नौ हजार ३५२ र व्यावसायिक प्यानमा ५६ हजार १५८ करदाता दर्ता भएको राजश्व कार्यालयले जनाएको छ।

## कांग्रेसमा 'डिजिटल भोटिङ' गर्न सकिने व्यवस्था

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**

नेपाली कांग्रेसले कोरोना महामारी रहिरहेको अवस्थामा 'डिजिटल भोटिङ' को आफ्नै आन्तरिक प्रविधिको विकास र सुनिश्चितता गरेको छ। कांग्रेसको केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागले पार्टीले आवश्यक ठहर गरेर निर्णय गरेको अवस्थामा हालै उक्त प्रविधिको विकास गरेको हो।

यस प्रविधिमार्फत सबै जिल्ला पार्टी कार्यालयमा उपस्थित भएर प्रदेश अधिवेशन र महाधिवेशनका प्रतिनिधिले मतदान गर्न सक्ने व्यवस्था गरिएको विभागका सचिव दिनेश थापा मगरले जानकारी दिनुभयो । प्रविधिमार्फत पार्टीको आगामी १४औं महाधिवेशनमै केन्द्र र सबै प्रदेशको निर्वाचनसम्बन्धी सबै प्रक्रिया सम्पन्न गर्न सकिने क्षमताको विकास गरिएको छ। महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ।

विभागको हालै सम्पन्न बैठकले 'डिजिटल भोटिङ' को नमूना प्रदर्शनीको आन्तरिक कार्ययोजनासमेत तय गर्नाका साथै जिल्ला तहसम्म प्रविधि प्रशिक्षण र सहजीकरणका लागि दक्ष इन्जिनीयरहरूको नेटवर्क तयार गरिएको छ। महाधिवेशनको वैचारिक प्रचार प्रारम्भ गर्नेलगायत अन्य निर्णय पनि गरिएको उहाँले बताउनुभयो।

विभागले यसअघि नै 'प्रविधि मैत्री अभियान'का क्रममा पार्टीको वेबसाइटलाई आधुनिकीकरण र क्रियाशील सदस्यताको अभिलेखीकरण (डाटा इन्ट्री) को काम सफलतापूर्वक सम्पन्न गरिसकेको छ । विभागले महाधिवेशनको प्रचारलाई विगतभन्दा भिन्न र जीवन्त शैलीमा अघि बढाउने र त्यसका लागि पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग आवश्यक समन्वय गर्ने निर्णयसमेत गरेको छ।

महाधिवेशनसँग सम्बन्धित प्रतिनिधि चयन प्रक्रिया, उम्मेदवारीका आधारलगायत विधानको व्यवस्थालाई सरलीकरण गर्दै सबै क्रियाशील सदस्यबीच पुऱ्याउन आवश्यक दृष्टिगत गरी केन्द्रीय निर्वाचन समितिसँग समन्वय गरेर सामग्री तयार गर्न संयोजनको जिम्मेवारी विभागका सचिव मगरलाई दिइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# मेयर जिसीको उपचार गर्न महानगरले तत्काल १० लाख दिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**

पोखरा–महानगरपालिकाका मेयर मानबहादुर जिसीको मस्तिस्कघातका कारण शुक्रबार देखि काठमाठौंको न्यूरो अस्पतालमा उपचारमा रहेको अबस्थामा पोखराका केही वडा अध्यक्षहरुले भने शिघ्र–स्वास्थ्य लाभको कामना सहित पुजा गरेका छन्।

पोखरा ३ स्थित नारायणथान मन्दिरको निलकण्ठ महादेव मन्दिरमा मंगलबार महा–मुत्युन्जय जप सहितको पुजा गर्दै मेयर जिसीको स्वास्थ्य साभको कामना गरिएको पोखरा महानगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष रविन्सन प्रजुले बताए। उनले भने "मेयर जिसी हाम्रो अभिभावक हो, उहाँको नेतृत्वमा करिब साँढे चार बर्ष काम गरियो, आज उहाँ अचानक बिरामी हुनु भएको छ, उहाँको स्वास्थ्य लाभको कामना गर्दै हामीले पुजा गरेका हौं, हामी धार्मिक केही कुरामा समेत विश्वास गर्ने गर्छौं।" वडा अध्यक्ष प्रजुको सहित पोखरा महानगरपालिका वडा नम्बर २० का वडा अध्यक्ष सिम गुरुङ, पोखरा ११ का वडा अध्यक्ष मोहन प्रसाद बाँस्तोला र पोखरा २४ का वडा अध्यक्ष ओम सुवेदी सहितको टोलीले मन्दिरमै पुगेर पुजा आज गरी मेयर जिसीको स्वास्थ्य साभको कामना गरिएको वडा अध्यक्ष सुवेदीले बताए।

आफुहरु धर्ममा समेत विश्वास गर्ने भएकोले गर्दा मेयर जिसीको अस्पतालमै उपचार हुदै गरे पनि यथा शिघ्र उहाँको स्वास्थ्य लाभको कामना सहित आफुहरुले भगवानसंग प्राथाना गरेको उनले जनाए। मेयर जिसीको स्वास्थ्य साभको कामना गर्दै पण्डित रामकृष्ण पौडेल, छवि पौडेल र कमल खतीवडाले २१ हजार जप गरेको पण्डित रामकृष्णले बताए।

मस्तिस्कघातका कारण शुक्रबार हेलिकोप्टर चार्टर गरी काठमाण्डौं लगिएको मेयर जिसीको काठमाडौं बाँसबारीस्थित न्युरो अस्पतालमा २ घण्टामै हेमीक्राइनेक्टमीको सफल शल्यकृया भएको र उहँको स्वास्थ्यमा क्रमिक सुधार हुदै आएको मेयरका प्रेस संयोजक माधव बरालले बताए। मेयर जिसी शुक्रबार करिब ४:०० स्वास्थ्यमा समस्या देखिए पछि पोखराको मेडि प्लसमा उपचार गर्न लगिए पनि त्यहाँबाट रिफर गरी मणिपाल शिक्षण अस्पतालमा लगेसंगै उनको थप उपचारको लागि काठमाडौं लगिएको हो। मेयर जिसी २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट मेयरमा निर्वाचित भएका थिए।

यसैबिच, पोखरा महानगरपालिकाले मेयर जिसीको तत्काल उपचार खर्च व्यबस्थापनको लागि भनेर १० लाख रुपैया प्रकोप व्यबस्थापन कोषबाट खर्च गर्ने निर्णय गरेको महानगरका प्रवक्ता धनबहादुर नेपालीले बताए।

साथै हरेक वडा कार्यालयमा मेयर जिसीको स्वास्थ्य साभको पुस्तिका राख्ने, दैनिक नियमित सूचना प्रवाह गर्ने जिम्मा प्रवक्ता धनबहादुर नेपालीलाई दिने निर्णय भएको छ। साथै कोरोना बिरुद्धको खोप वडा न्म्बर १८ देखि ३३ सम्मका वडाका नागरिकलाई तत्काल संचालन गर्न महानगरले आवश्यक पहल गर्ने भएको छ।

पोखरा महानगरपालिकाका कार्यबहाक नगर प्रमुख मन्जुदेवी गुरुङको अध्यक्षतामा मंगलबार बसेको बैठकले मेयर जिसीको शिघ्र स्वास्थ्य लाभको कामना सहित केही निर्णयहरु समेत गरेको छ। उपचारमा संलग्न अस्पताल, स्वास्थ्यकर्मीलाई धन्यवाद सहित उहाँको शिघ्र स्वास्थ्य साभको कामना गर्ने प्रति समेत महानगरले धन्यवाद ज्ञापन गरेको छ।

# बोल बमका भक्तद्धारा पूजा आराधना गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**



पोखरा क्षेत्रका बोलबमका भक्तहरुले यस बर्षको बोल बम पर्व अर्न्तगत साउन महिनको पहिलो सोमबार घर घरमा शिव आराधाना गर्दै मनाए भने केहीले मन्दिरको मुल गेटमै पुगि पूजा आराधाना गरी मनाएका छन्। पोखराको लेकसाइडमा रहेको केदारेश्वर महादेव मन्दिर सहित पोखराका शिवालय मन्दिरहरुमा सोमबार विहान देखि दर्शनार्थी पुजा गर्न पुगेका थिए।

कोरोनाको कारण हाल मन्दिर प्रबेशमा रोक लगाइएको अबस्थामा विभिन्न मन्दिर संरक्षण एवं व्यबस्थापन समितिहरुले दर्शनार्थीहरुलाई मन्दिरको मुल गेटमै शिवको आराधाना गरी पुजा गर्ने व्यबस्थापन गरेका छन्। केदारेश्वर महादेव मणि मन्दिर, विन्ध्यवासिनी मन्दिर सहितका शिलावय मन्दिरमा बोलबमका भक्तहरुले मुल गेटको ढोकामै जल चढाउदै पुजा गरेका थिए। मन्दिर परिसरमा भिडभाड नगर्न सुरक्षाकर्मीहरु समेट खटिएका थिए। पोखराको गाइघाटबाट जल लिई केहीले स्नान(नुहायर) शिवालय मन्दिरहरुमा लगेर जल तथा दुध चढाउने गरेका छन्।

कोरोना भाइरस (कोभिड–१९) को कारण सरकारले मन्दिरहरु प्रबेशमा प्रतिवन्द लगाएको अबस्थामा आफुहरुले पनि मन्दिरको गेट अगाडी नै पुजा गर्ने व्यबस्था गरिएको केदारेश्वर महादेव मणि मन्दिर संरक्षण समितिका प्रमुख संरक्षक डा.लेखनाथ आचार्यले बताए। साउन महिनामा शिवको आराधानाको प्रमुख महिनाको रुपमा हामीले लिने गरेका छौं, उनको चरित्र बर्णय गरेको हाम्रो शास्त्रहरुमा उल्लेख भएको पाइन्छ, सोमबार शंकर भगवानको पुजा गर्नु उत्तम दिनको मानिन्छ।

पोखरामा विगत १८ बर्षदेखि साउनको सोमबार बोल बम पर्व नमाउन थालिएको आचार्यले जनाए। अघिल्लो बर्ष पनि कोरोनाले गर्दा आफुहरु निकै प्रभावित भएको बताएका उनले २०७६ सालको बोलबम पर्वको अवसरमा मन्दिरमा करिब १४ लाख रुपैया समेत संकलन गर्न सफल भएको स्मरण गरे। डा.आचार्यले भने "हाल हामीसंग शिक्षक, कर्मचारी तथा बिद्यार्थीहरु गरी ५२ जना रहेका छौं, खाद्य सामाग्रि अहिलेको अबस्थामा समस्या छैन तर हामीलाई आर्थिक अबस्था कमजोर भएको छ।"

साउनमा भगवान् शिवको आराधना गर्दै ज्योर्तिलिङ्गमा गंगाजल र बेलपत्र जस्ता सामाग्रीले पूजा गरे मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ।

# कांग्रेस नेतृत्वलाई युवा नेताहरूको आग्रह

**रासस**
**काठमाडौं, ५ साउन**

अन्य राजनीतिक दलहरूले समेत नेपाली कांग्रेसलाई विश्वास गरी देशको अभिभारा सुम्पेको बेला पार्टीभित्रै नेतृत्वबाट असुरक्षित हुने अवस्थाको अन्त्य गर्न कांग्रेसका युवा नेताले माग गरेका छन्।

क्रियाशील सदस्यताको विषयलाई लिएर विवाद र दबाबमूलक कार्यक्रम भइरहेकोप्रति लक्षित गर्दै युवा नेताले पार्टीभित्र न्यायका लागि धर्ना दिनुपर्ने र अनशन बस्नुपर्ने अवस्थाको अन्त्य गर्न पनि नेतृत्वको ध्यानाकर्षण गराएका छन्। कांग्रेसका १० युवा नेताले आज संयुक्त वक्तव्य जारी गर्दै १४ औँ महाधिवेशनको प्रारम्भिक तयारीका क्रममा उठेका विभिन्न प्रश्न र केही जिल्लाका गतिविधिले आफूहरूको ध्यान तानेको उल्लेख गर्नुभएको छ।

युवा नेताहरू डा चन्द्र भण्डारी, धनराज गरुङ, कमला पन्त, रत्ना शेरचन, गगन थापा, बद्री पाण्डे, गुरुराज घिमिरे, सरिता प्रसाईं, रामकृष्ण यादव र किरण यादवले जारी गरेको वक्तव्यमा सदस्यतासम्बन्धी विवाद तत्काल समाधान गरेर महाधिवेशनको सुनिश्चितता गर्न आग्रह गर्नुभएको हो। "मुख्य गरी पार्टी महाधिवेशनका प्रारम्भिक मतदाताको रुपमा रहेका क्रियाशील सदस्यको विवादले निर्धारित समयमा महाधिवेशन हुने कुरामा संशय बढाएको छ। हामीसँग समयको सुविधा छैन र उपलब्ध समयसमेत साँघुरिँदै गएको छ। यस्तो बेलामा क्रियाशील सदस्यको विवादलाई कायम राख्नु र बढाउनु युक्ति सङ्गत हुँदैन। पार्टी विधानले निर्दिष्ट गरेको प्रक्रिया, मापदण्ड र केन्द्रीय समितिको निर्णयविपरीत गरिने कार्यले कसैको भलो गर्दैन," वक्तव्यमा लेखिएको छ।

कांग्रेसका विभिन्न जिल्लाका नेता तथा कार्यकर्ता क्रियाशील सदस्यतासम्बन्धी विवादका कारण पार्टी केन्द्रीय कार्यालय सानेपामा धर्ना र आमरण अनशनमा बसेका छन्। यसलाई युवा नेताले गम्भीर विषयको रुपमा लिनुभएको छ। "विधि र प्रक्रिया नाघेर जथाभावी वितरण गरिएका क्रियाशील सदस्यताले हामीलाई बलियो बनाउँदैन। समायोजनका नाममा पार्टी संरचना कब्जा गर्ने उद्देश्यले निर्धारित प्रक्रिया बाहिरबाट वितरण गरिएका क्रियाशील सदस्यताले पार्टीको मर्ममाथि नै प्रहार गरेको छ। आफ्नो सर्वस्व सुम्पेका साथीहरूको आत्मसम्मानमा प्रहार गरेको छ। यसलाई तुरुन्त रोक्नु पर्दछ", नेताहरूको आग्रह छ। कांग्रेसको क्रियाशील छानबिन समिति र समायोजन समितिले पार्टीको लोकतान्त्रिक प्रतिष्ठा र छविको जगेर्ना गर्दै उत्पन्न समस्याको विधिसङ्गत र तार्किक समाधान गर्न पनि युवा नेताहरूले आग्रह गर्नुभएको छ।




# वडा सदस्य भट्टराइलाई मातृशोक

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**



पोखरा महानगरपालिका वडा नं १३ का वडा सदस्य टंकप्रसाद भट्टराईलाइ मातृशोक परेको छ।

वडा नं १३ स्थित लामोडहर मार्गमा बस्ने देवकी भट्टराइ मंगलवार निधन भएको हो। विस १९९५ असार २० गते जन्मनु भएको देवकी घरमा कोही प्रवेश गरेको देख्नी वित्तिकै आमाको स्वर्णमुखवाट मिठो वाणीले मोडामा बस्नु उहाँको पहिलो बाक्य हो। बस्न नपाउँदै बुहारी चिसो तातो के छ ल्याउ नखाइ जान पाँइदैन दोस्रो वाक्य थियो। जीवनको शुरुवातसंगै एउटा ध्रुर्वसत्यता हो मृत्यु। जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ। जीवनको जीउने क्रममा कस्को मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन। मानीसको मृत्यु पश्चात केही न केही छाप छाडेर गएको पाइन्छ। भट्टराइ परिवार र हामी शुभचिन्तक विच देवकी आमा सालीन व्यवहार र वोलीले हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ। उनै आमासँग जति भेट भयो सवै भेट मेरो जीवनमा स्मरणीय रहिरहन्छ।

सवै परिवारको सदस्य सँग आत्मियता भएकोले समय समय मा पस्ने खाजा खाने घर बनेको थियो। जुन वातावरण आमाको व्यवहारले सुमधुर भएको हो। आमाले घरमा फलेका काँक्रो देखाउँदै बाबु त्यो टिपेर ल्याउ त बाबुलाइ चखाउनुपर्दछ भनेर धेरै पटक चखाउनु भयो। उहाँ मात्र होइन सोही घरकै कुशल वुहारी, नाति नातिना पनि उस्तै सालिन र शान्त स्वभावका छन्। उनै ८३ वर्षिय आमाको स्वास्थ्यमा केही दिनदेखी समस्यका आएको थियो। स्वर्गीय भट्टराइको मंगलवार नै सेतीनदीको रामघाटमा दाहसंस्कार गरिएको छ। स्वर्गीय भट्टराइ समाजमा सवैको प्रिय हुनुहुन्थ्यो।


स्व.भट्टराइका एक छोरा, तीन छोरीहरु क्रमश जगमाया कोइराला, नारायणी पौडेल र मधु वराल, १२ नाति नातिना, पनाति २ र पनातिनी १ रहेका छन्।

## एमालेले...

नेतृत्वले जवाफ दिने ज्ञवालीले बताए।

बैठकमा भूमि व्यवस्था आयोगका अध्यक्ष देवी ज्ञवालीले सुकुम्बासी समस्या समाधानका लागि स्थानीय तहसँग सम्झौता भई कार्य भइरहेको स्थितिमा सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा आफूहरूलाई हटाएमा उचित नहुने बताएका थिए।

बैठकमा मस्तिष्काघात भई उपचाररत पार्टीका केन्द्रीय सदस्य तथा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीको स्वास्थ्य लाभको कामना पनि गरेको छ। ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा जारी सो पार्टीको १०औँ केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओली नेतृत्वको निवर्तमान सरकारका उपलब्धि, सर्वोच्च अदालतको असार २८ गतेको फैसला, पार्टीको आगामी कार्ययोजना, सुदृढीकरण र शुद्धीकरण अभियानलगायतका विषय कार्यसूची रहेका छन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान:
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# भुल्दै वीपी र पुष्पलालको बाटो

नेपाल राष्ट्र र नेपाली जनताको हितको लागि पार्टी स्थापना गरेर जीवनकाल भरी सर्घषरत वीपी कोइराला र पुष्पलाल दुई सपुतलाई देशैभरी सम्झने गरिन्छ । हरेक वर्षको साउन ६ र ७ गते नेपाली आमाका दुई सपुत स्व. वी.पी कोइराला र पुष्पलाल श्रेष्ठलाई नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले सम्झने गर्दछन। नेपालमा जहानीया राणा शासनको अन्त्य गरि बहुदलीय लोकतन्त्र स्थापना गर्न उनीहरुले गरेको संघर्ष र योगदानहरुको चर्चा हुने गरेको छ। नेपाली कांग्रेसका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री वी.पी कोइरालाको निधन भएको ३९ वर्ष भएको छ। आज भन्दा ३९ वर्ष अघि २०३९ साल साउन ६ गते वी.पी को निधन भएको थियो । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको निधन भएको ४३ वर्ष भएको छ। २०३५ साल साउन ७ गते भारतको गोविन्द बल्लव पन्त अस्पतालमा निधन भएको थियो । वी.पी.को निधन क्यान्सर बाट भएको थियो भने पुष्पलालको मुटुको व्यथाबाट। वी.पी. राष्ट्रियता, प्रजातन्त्र र समाजबादको लागि जीवन भर लडिरहेका थिए भने पुष्पलाल नेपालमा जनबाद र समाजबाद स्थापना गर्नको लागि आर्थिक, राजनैतिक र संस्कृतिक हकअधिकारका लागी जिबन उत्सर्ग गरे ।

नेपालमा जहानिय राणा शासन र निरंकुस निर्दलीय व्यवस्था विरुद्ध लडदै आएका वी.पी. र पुष्पलालको आर्दशबाट अहिलेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरु प्रभावित भएर राजनीतिमा होमिएका हुन। वी.पी. र पुष्पलालको स्मृति गर्दै बृक्षारोपण गर्नेदेखि लिएर उनीहरुको आर्दशको बारेमा विभिन्न कार्यक्रम गरी चर्चा गर्ने गरिन्छ । नेपालमा पुष्पलालले स्थापना गरेको पार्टीका नेताहरु आपसी झगडाले गर्दा सत्ताबाट बाहिरिएका छन् । वीपीले स्थापना गरेको नेपाली कांग्रेस अहिले सरकारको नेतृत्व गरेको छ । दुईवटा कम्युनिष्ट पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिल्न नसक्दा जनताको मतलाई अनादर गरि काङ्ग्रेसलाई सत्ता बुझाएका छन्। नेताहरू देश र जनताको हित भन्दा आफ्नो स्वार्थ र गुटस्वार्थमा लाग्दा कम्युनिस्ट पार्टीको भबिस्य नै खतरामा पर्ने देखिएको छ। पुष्पलालको नेपालमा एउटै कम्युनिष्ट पार्टी वनाउने इच्छा नेपालको स्वाभिमान कायम गर्दै जनताको मुहारमा खुशी ल्याउने हो। त्यो आकांक्षा माथि नेताहरूले खेलवाड गरेका छन् । नेताहरुको सिद्धान्त हिन, स्वार्थी स्वभावका कारण कम्युनिष्टहरु साना साना पार्टीमा बिभक्त छन्। देश पहिलो ठानेर सामाजिक न्याय सहितको विकास गरेर सुखि नेपाली वनाउने अभिभारामा विश्राम लागेको छ।

२०१७ सालमा वि.पी. को दुई तिहाईको सरकार विरुद्ध जुनखेल खेलिएको थियो अहिले केपी शर्मा ओलीले त्यही अवस्था भोगेका छन जनताले दिएको अभिमत जोगाउन नसकेर। नेपालले सात दशक देखिको राजनीतिक संक्रमण अन्त्य गरि स्थिरता तर्फ देश जान लागेको ठानिएको थियो। प्रधानमन्त्री ओलीले दुई पटक प्रतिनिधिसभा विघटन गर्दा सर्वोच्च अदालतले वदर गरेर बहुमतको पार्टी लाखापाखा भएको छासर्वोच्च अदालतले सांसदहरूलाई दलको ह्विप नलाग्ने, जस्ले जस्लाई समर्थन गरेपनि हुने स्वतन्त्रता दिएपछि एउटै दल सत्ताधारी र विपक्षी बनेका छन । बहुदलीय पद्धतिलाई बिकृत बनाएको छ । जुन उद्देश्यका लागि लडेका कांग्रेस कम्युनिष्ट अहिले आदर्शबाट च्युत भएका छन। राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाएका छन। सरकारको नेतृत्व गरेको कांग्रेस पुराना सदस्यलाई हटाएर नयाँ सदस्य थपेर काङ्ग्रेसको आदर्श भुल्न नसक्ने अल्पमतमा परेका छना।पार्टी कार्यालयमा अनसन र धर्ना बस्नुपर्ने विडम्बनापूर्ण अवस्था छ। नेकपा एमाले विभाजित छ। दुई तिहाईको वि.पी. नेतृत्वको सरकार हटाउँदा देशले कति ठुलो मुल्य चुकाउनु पऱ्यो भन्ने कुरा अहिलेको नेकपा एमाले,माओवादी र काङ्ग्रेस नेतृत्वले बिर्सेर क्षणिक स्वार्थ हेर्दा प्राप्त उपलब्धि गुम्ने, विदेशीले खेल्ने र खेलाउने अवस्था बढेको छ।

काङ्ग्रेस र कम्युनिष्टका नेताहरु गम्भिर नबन्दा पुष्पलाल र वि.पी.को स्मरण गर्नु बिरालो बाँधेर श्राद्ध गर्नु जस्तै हो । देखाउनका लागि वीपी र पुष्पलालको स्मृति गरेर पुग्दैन ।राजनीतिक स्थिरता, राष्ट्रिय स्वाभिमान, जनताको जीवनमा परिवर्तनका लागि काम गर्ने अठोट चाहिन्छ कोरोना महाब्याधीबाट कसरी जोगाउने भन्ने चिन्ता हुनुपर्छ । जनता रोग, भोक, अनिश्चित भविष्यबाट छट्पटी परेको बेला जनताका सवाललाई सम्बोधन नगरी कुर्सीको खेलमा लाग्दा पार्टीका संस्थापक नेपाल आमाका सपूतप्रती श्रद्धा गरेको ठहर्दैन। वीपी र पुष्पलाललाई सम्झनु भनेको देशको स्वाभिमान कायम राख्नु, बहुदलीय लोकतन्त्रलाई संस्थागत गर्नु, सिद्धान्तलाई ब्यवहारमा उतार्ने र सामाजिक न्याय स्थापना गर्न लाग्ने प्रण गर्नु हो। पुरानाको त्याग , समर्पण, ईमानदारीलाई बिर्सेर क्षणिक सत्ता स्वार्थमा तल्लिनहरुलाई विस्थापित गरेर राजनीति भनेको देश र जनताको लागि सेवा गर्ने मुल्य र मान्यताको आधारमा हुन्छ भन्ने अवस्था सृजना हुन सके विपि र पुष्पलालको बाटो पछ्याउन सकिन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# तमानले बनायो आफ्नै स्थानीय पाठ्यक्रम

**पोखरापत्र संवाददाता**
**गलकोट, ५ साउन**

बागलुङ जिल्लाको तमानखोला गाउँपालिकाले जिल्लामै पहिलोपटक स्थानीय पाठ्यक्रम तयार गरेको छ।

तमानखोलाले एक वर्ष लगाएर तयार पारेको स्थानीय पाठ्यक्रममा आधारित पुस्तक गाउँपालिकाका सबै विद्यालयमा पठाइसकेको छ।

'मेरो तमानखोला' पाठ्यपुस्तक यही वर्षदेखि विद्यालयमा अध्यापन गराउने तयारीसहित विद्यालयमा पठाइएको गाउँपालिकाले जनाएको छ । विद्यार्थीलाई आफ्नो भूगोल, संस्कृति, धर्म र रीतिरिवाजका विषयमा थाहै नभई उच्च शिक्षा अध्ययनमा पुग्ने र स्थानीय संस्कार संस्कृतिका बारेमा बेखबर हुने परिपाटीको अन्त्यका लागि कक्षा १ देखि ५ सम्म लागु हुने गरी एक विषय स्थानीय पाठ्यक्रम समावेश गरिएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले जानकारी दिनुभयो । "विद्यार्थीले राष्ट्रिय, अन्तर्राष्ट्रिय कुरा सिकेका हुन्छन् तर आफ्नै गाउँ, आफ्नै ठाउँको विषयमा जानकारी पाएका हुँदैनन्", बुढा मगरले भन्नुभयो "कम्तीमा आफ्नो पालिकाको भूगोल, सामाजिक अवस्था, पर्यटकीय स्थलको सामान्य ज्ञान पनि होस भन्ने हो।" गाउँपालिकाले झण्डै रु सात लाख खर्चेर आफ्नै पाठ्यक्रम तयार गरेको हो । पालिकाभित्रका २१ सामुदायिक र दुई निजी गरी २३ वटा विद्यालयमा स्थानीय पाठ्यपुस्तक पठाइएको शिक्षा अधिकृत पुरन घर्तीले जानकारी दिनुभयो। कक्षा १ देखि ५ सम्मका लागि तयार पाठ्यपुस्तकमा कला, संस्कृति, भूगोल, खनिज पदार्थ, कृषि, वन पैदावर, जडीबुटी, प्राकृतिक स्रोत तथा पशुपालनलगायतका विषय समेटिएको छ । गाउँपालिका अध्यक्ष संयोजक र शिक्षा अधिकारी सदस्यसचिव रहेको सात सदस्यीय पाठ्यक्रम निर्धारण समितिले पाठ्यक्रम तयार गरेको गाउँपालिकाले जनाएको छ । जिल्लाकै दुर्गम पालिकामा पर्ने तमानखोला पालिका स्थापना भएदेखि निरन्तर सामाजिक, आर्थिक तथा भौतिक विकासमा अगाडि देखिएको छ।

विसं २०८० सम्ममा माध्यमिक तहका लागि समेत स्थानीय पाठ्यपुस्तक तयार गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष बुढाले बताउनुभयो । स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका सम्भावना, स्रोत तथा भूगोलका बारेमा पाठ्यपुस्तक तयार गर्ने संवैधानिक व्यवस्थाअनुसार पाठेय पुस्तक तयार पारिएको हो । मेरो तमानखोला पाठ्यपुस्तक हप्ताका चार दिन पठनपाठन हुनेगरी १०० पूर्णाङ्कको निर्माण गरिएको हो । एक सय पूर्णाङ्कलाई दुई खण्डमा एउटा अनिवार्य र अर्को ऐच्छिक खण्ड गरेर विभाजन गरिएको छ।

# पहिराले झोलुङ्गे पुलमा क्षति: जोखिमपूर्ण यात्रा गर्न बाध्यता

**पोखरापत्र संवाददाता**
**गोरखा, ५ साउन**

बाढीसँगै आएको पहिरोले उत्तरी गोरखाको धार्चेगाउँपालिकास्थित झोलङ्गे पुलमा क्षति पुऱ्याएको छ।

पहिरोसँगै खसेको ठूलो रुखले धार्चेगाउँपालिका-५ को माछाखोला र वडा नं ३ को उहियाँ खोला जोड्ने झोलुङ्गे पुलको एकतर्फको लठ्ठा चुँडिएर क्षति भएको स्थानीयवासी प्रतापमान गुरुङले जानकारी दिनुभयो।

आइतबार राति परेको अविरल वर्षापछि आएको बाढीका कारण खोला तर्फबाट खसेको पहिरोले पुलमा क्षति पुऱ्याएको उहाँले बताउनुभयो । "माथि भिरबाट ठूलो रुख ढलेर पुलमा खसेका कारण पुलको एकातर्फको लठ्ठा चुँडिएको छ", उहाँले भन्नुभयो, "तत्काल मर्मत सम्भार गर्न नसके यहाँका नागरिकले सास्ती खेप्नुपर्ने अवस्था बनेको छ।"

विसं २०६० मा बिपीको सहयोगमा निर्माण भएको उक्त पुलमा क्षति पुगेपछि उत्तरी गोरखाको धार्चे र चुमनुब्री गाउँपालिकाका नागरिकसँगै पर्यटकलाई समेत समस्या भएको उहीयाँ खोलाका स्थानीयवासी दिलबहादुर गुरुङले बताउनुभयो।

जिल्लाको पर्यटकीय मार्गको रूपमा चिनिने मनास्लु पदमार्ग प्रवेश गर्ने झोलुङ्गे पुलको लठ्ठा चुँडिएपछि अहिले जोखिम मोलेर आउजाउ गर्न बाध्य भएको उहाँको भनाइ छ। "माछा खोलामाथिको पुल उत्तरी गोरखाका सर्वसाधारण र पर्यटक आउजाउ गर्ने पुल हो", उहाँले भन्नुभयो, "यो पुल नतरी उत्तरी क्षेत्र पुग्न सकिदैन, अहिले पुल तर्न ज्यानको जोखिम मोल्नुपर्ने बाध्यता छ।" दैनिक आवातजावत गर्न समस्या भएपछि स्थानीयवासी मिलेर पहिरोसँगै आएको रुख हटाएर पुलको एकतर्फको लठ्ठामा भुण्डिएर वारपार गर्न सक्ने बनाएको गुरुङले जानकारी दिनुभयो।

जेठको अन्तिम सातादेखि परेको वर्षाका कारण पदमार्गसमेत अवरुद्ध भएपछि नेपाली सेनाले केही दिनअघि मात्र पदमार्ग सफा गरेको थियो । तर फेरि पहिरोले पुलमा क्षति पुऱ्याएपछि समस्या भएको गुरुङको भनाइ छ।

पुलमा क्षति पुगेसँगै खच्चडबाट सामान ढुवानीमा समस्या भएको स्थानीय व्यवसायी शर्मिला गुरुङले जानकारी दिनुभयो । खच्चडबाट सामान ढुवानी गर्नुपर्ने सो क्षेत्रमा ढुवानी गर्न सक्ने अवस्था नभएपछि दैनिक उपभोग्य वस्तुको अभाव हुनसक्ने उहाँले चिन्ता व्यक्त गर्नुभयो।

# काठेखोलाले बनायो 'डिजिटल प्रोफाइल'

**पोखरापत्र संवाददाता**
**बलेवा, ५ साउन**

काठेखोला गाउँपालिकाले सबै घरधुरीको विवरण प्रबिष्ट गरी 'डिजिटल प्रोफाइल' तयार पारेको छ।

गाउँ विकासका लागि योजना निर्माण र विद्युतीय माध्यमबाट जानकारी लिन चाहनेका लागि प्रोफाइलले सहयोग गर्ने जनाइएकोछ।

गाउँपालिकाले तयार गरेको 'डिजिटल प्रोफाइल' सार्वजनिक गर्ने तयारीमा रहेको गाउँपालिका अध्यक्ष अमर थापाले जानकारीदिनुभयो। "अब हरेक घटना र विवरणहरू क्षणभरमै संसारको जुनसुकै कुनामा बसेर हेर्न र बुझ्न सकिने छ", उहाँले भन्नुभयो, "प्रोफाइल अपडेट गर्न कर्मचारीलाई तयार गरिने छ।" गाउँपालिकाको भौगोलिक अवस्थादेखि कलासंस्कृति र जनसङ्ख्यासम्मका विवरण प्रोफाइलमा भेटिने उहाँले दाबी गर्नुभयो । व्यक्तिगत घटना दर्ता, राजश्वको भुक्तानी, योजनाको सम्झौता तथा फरफारक लगायतका काम डिजिटल माध्यमबाट शुरुआत गरिसकेको गाउँपालिकाले स्मार्ट गाउँपालिका बनाउनकै लागि प्रोफाइल तयार गरेको जनाएको छ। "हरेक घरको तस्बिर हुन्छ, घरमा रहेका सदस्य सङ्ख्या र उनीहरूको सबै विवरण त्यहाँ राखिएको छ", अध्यक्ष थापाले भन्नुभयो, "थपघट हुँदा जोड्ने र घटाउने काम सार्वजनिक भएपछि शुरु हुन्छ।" यसका लागि गाउँपालिकाले गत आवमा रु २५ लाख बजेट विनियोजन गरेको थियो। प्रविधिको विकाससँगै विवरणलाई पनि आधुनिक तरिकाबाट सुरक्षण गरिएको उहाँले बताउनुभयो। आठ वडा रहेको गाउँपालिकाले सबै वडाका हरेक घरमा पुगेर विवरण सङ्कलन गरेको थियो।

# पर्यटन उकास्न नयाँ रणनीति आवश्यक: राजदूतहरू

**रासस**
**काठमाडौं, ५ साउन**

विभिन्न मुलुकका राजदूतहरूले कोभिड-१९ का कारण थलिएको नेपालको पर्यटनलाई उकास्न नयाँ रणनीतिक 'प्रडक्ट' र कार्यनीति आवश्यक रहेको सुझाउनुभएको छ।

नेपाल पर्यटन बोर्डले नेपालको पर्यटन प्रवर्द्धनका विषयमा आज आयोजना गरेको भर्चुअल कार्यक्रममा उहाँहरूले कोभिडको कारण थलिएको पर्यटनलाई चलायमान बनाउन नयाँ कार्यक्रम ल्याउन सुझाएको बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले जानकारी दिनुभयो । राजदूतहरूले कोभिडको समयमा सबैतिर समस्या भए पनि त्यसपछिका लागि अहिलेदेखि नै तयारी आवश्यक रहेको बताउनुभएको थियो। खोपको विकास र विस्तारसँगै अन्तर्राष्ट्रिय पर्यटन चलायमान भएको भन्दै उहाँहरूले नेपालको लागि छिमेकी देशहरू नै ठूलो स्रोत बजार भएकाले त्यसतर्फ ध्यान दिई प्रवर्द्धनात्मक कार्य गर्न बोर्डलाई सुझाव दिनुभएको छ। यस्तै राजदूतहरूले नेपालको हवाई भाडा अति महँगो भएकाले पर्यटक आगमनमा समस्या पर्ने गरेकाले त्यसलाई समायोजन गर्न आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा बङ्गलादेशका लागि नेपाली राजदूत डा वंशिधर मिश्रले नेपालका लागि बङ्गलादेश ठूलो बजार रहे पनि सोहीअनुरूप काम हुन नसकेको धारणा राख्नुभयो।


## जुस पसल बिक्रीमा

अत्यन्तै चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको जुस सप र किराना पसल तु: बिक्रीमा छ।

सम्पर्क:
९८४६०८२४६०
९८२६१४३६४९

## तु: आवश्यकता

चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको क्याफेका लागि १ जना वेटर तु: आवश्यकता।

सम्पर्क:
९८२६१४३६४९


# सार्वजनिक यातायात खुले, खुलेनन् सडक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ साउन**

कोरोना भाइरसको दोस्रो लहरका कारण जारी निषेधाज्ञा खुकुलो भएसँगै म्याग्दीमा जिल्लाभित्र चल्ने सार्वजनिक यातायातका साधन सञ्चालन खुला गरिए पनि बाढीपहिराले सडक अवरुद्ध हुँदा सञ्चालन हुनसकेका छैनन्।

पहिराले बेनी-जोमसोम सडकसहित म्याग्दीका भित्री सडक अवरुद्ध भएका छन् । असारको शुरुआतसँगै परेको अविरल वर्षाका कारण झरेको पहिराले बेनी-जोमसोम, बेनी-दरबाङ र जिल्लाका भित्री सडक अवरुद्ध भएका हुन्। साउन १ गतेदेखि नै जिल्लाभित्र चल्ने सार्वजनिक यातायात खुला गरिए पनि जिल्लाका कुनै पनि ग्रामीण सडकमा बस चल्न सक्ने अवस्था नरहेको यातायात व्यवसायीले बताएका छन् । म्याग्दी यातायात व्यवसायी समितिका अध्यक्ष सुमन श्रेष्ठले आन्तरिक सार्वजनिक यातायातका साधन खुला गरिए पनि बाढी र पहिराका कारण अवरुद्ध बनेका सडक सञ्चालन गर्न नसक्दा यातायातका साधन सञ्चालन हुन नसकेका बताउनुभयो । "सार्वजनिक यातायात त खुला भयो तर, सडक खुला गर्न सकिएन, दिउँसो बनायो, राति पानी परेपछि पहिरो गएर सडक अवरुद्ध हुन्छ", श्रेष्ठले भन्नुभयो, "जिल्लाका प्रायः सबै ग्रामीण सडक पहिराले अवरुद्ध छन्, सार्वजनिक यातायातका साधन सञ्चालन गर्न सकिएको छैन।" बेनी-जोमसोम र बेनी-दरबाङ सडक अवरुद्ध हुँदा ठूलो समस्या उत्पन्न भएको छ। हिमालपारिको जिल्ला मुस्ताङ जोड्ने बेनी-जोमसोम सडकमा माथिबाट पहिरो र तलबाट नदी कटानले गर्दा विभिन्न नौ ठाउँमा अवरुद्ध हुने गरेको छ भने पश्चिम म्याग्दी र बागलुङका १४ वटा गाउँलाई जोड्ने बेनी-दरबाङ सडकको समस्या पनि बेनी-जोमसोम सडकको जस्तै रहेको यातायात व्यवसायीले बताएका छन् । यहाँ सडक माथिबाट ढुङ्गासहितको पहिरो आउने र म्याग्दी नदीको कटानका कारण सडक भासिने गरेको छ।

बेनी-बरङ्जा, बेनी-पुलाचौर र बेनी-झीँ यी तीन सडकबाहेक जिल्लाका अन्य १७ वटा ग्रामीण सडक अवरुद्ध छन्। छ किलोमिटर दूरीको बेनी-पुलाचौर, आठ किमी दूरीको बेनी-बरङ्जा र सात किमी दूरीको बेनी-झीँ सडकमा पनि साना यातायातका साधन मात्र सञ्चालन भएका छन् । म्याग्दी यातायात व्यवसायी समितिका अध्यक्ष श्रेष्ठका अनुसार यी तीनवटा सडकमा पनि जीपबाहेक ठूला सवारी सञ्चालन हुनसकेका छैनन् । पहिराका कारण सडक साँघुरिएकाले ठूला सवारी सञ्चालन हुन नसकेका उहाँको भनाइ छ। यहाँका सडक अवरुद्ध भएपछि टाढा-टाढा पुग्ने यात्रु बीच बाटोमा अलपत्र परेका छन्। पहिरो पन्छाउने काम भइरहेको सडक डिभिजन कार्यालयले जनाएको छ। वर्षा निरन्तर भइरहेका कारण राजमार्गका सडक सञ्चालन हुन केही समय लाग्ने बताइएको छ।

# तनहुँको अकला मन्दिरमा मूर्ति चोरी

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ साउन**

तनहुँको म्याग्दे गाउँपालिका-६ मा रहेको अकला देवी मन्दिरमा चोरी भएको छ। गए राति अज्ञात समूहले मन्दिरको मूलढोकामा लगाइएको ताल्चा फोडेर मूर्तिलगायतका सामान चोरी गरेको हो।

प्रसिद्ध धार्मिकस्थलका रूपमा परिचित अकला देवी मन्दिरमा रहेको गणेशको मूर्ति, शङ्ख र घण्टी चोरी भएको तथा मन्दिरको गजुर भने सुरक्षित रहेको मन्दिर विकास तथा व्यवस्थापन समितिले जनाएको छ। मंगलबार बिहान पुजारी मन्दिरमा दैनिक नित्य पूजाका लागि जाँदा मात्रै मन्दिरमा मूर्ति चोरी भएको थाहा भएको मन्दिर व्यवस्थापन समितिका सचिव वसन्त थापाले जानकारी दिनुभयो।

घटनापश्चात प्रहरी टोली गएर घटनाका विषयमा अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । लाखौँ भक्तजनले पुज्ने मन्दिरमा भएको यो किसिमको घटना हुनु अत्यन्त निन्दनीय र हिन्दू धर्ममाथिको प्रहार भएको उहाँले बताउनुभयो।

उक्त कार्यमा संलग्न कोही शङ्कास्पद व्यक्ति वा समूह भेटिए तुरुन्त प्रहरीलाई खबर गरिदिन उहाँले सबैमा आग्रहसमेत गर्नुभएको छ । यस विषयमा वडाध्यक्ष बसन थापासँग बुझ्दा आफू काठमाडौँ रहेकाले केही जानकारी नपाएको बताउनुभयो।

## मानिस हराएको सूचना



तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका वडा नं.१० छाब्दी देउराली बास्ने वर्ष ४७ का **राजु थापा** विगत १२/१३ वर्ष अगाडिदेखि भारतीय सेनाबाट अवकास भई बसेकोमा मिति २०७६/०७/०३ गते सिविल सेक्रेटरी कामको लागि भारतको देहरादुन जान्छु भनि घरबाट हिडेकोमा भारतमा पुगी जानकारी गराए पश्चात त्यहाँबाट दिल्ली जान्छु भनि हिडेकोमा हालसम्म सम्पर्कमा नआएकोले फेला पार्नुहुने एवं देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना तथा फोन नं.मा सम्पर्क गरिदिनु होला।

**सम्पर्क नं. ९८४६९९७५३२**
**शुक्लागण्डकी-१०, छाब्दी, तनहुँ**

# सडक निर्माणमा ढिलासुस्ती गर्ने निर्माण व्यवसायीको तस्वीर सार्वजनिक गरेर विरोध

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ साउन**

म्याग्दीको बेनी-दरवाङ सडक निर्माणमा ढिलासुस्ती गर्ने ठेकेदार कम्पनीका सञ्चालकको तस्वीर सार्वजनिक गरेर विरोध गरिएको छ।

बेनी नगरपालिका-६ डम्मरास्थित हिलाम्मे सडकको छेउमा लामा-समानान्तर जेभीका सञ्चालक जिपछिरिङ लामाको तस्वीर कालो पोतेर सडक छेउमा झुण्डयाइएको छ । दोलखाका लामा निर्माण कम्पनीका सञ्चालक हुनुहुन्छ।

समानान्तर निर्माण कम्पनीका सञ्चालक अच्युत खरेल हुनुहुन्छ। यो सडक आयोजनाको आधिकारिक प्रतिनिधि दयाराम थापा हुनुहुन्छ । फ्लेक्समा प्रिन्ट गरेर तस्वीर राखिएको छ। तस्वीर कसले राखेको हो भन्ने खुलाइएको छैन । दुईपटक थपिएको सम्झौताको म्याद गत चैत महिनामा सकिएको बेनी-दरवाङ सडक आयोजनाको बेनीबाट सिमसम्मको पहिलो प्याकेजको भौतिक प्रगति ५५ प्रतिशत छ। गत वैशाखमा निषेधाज्ञा शुरु भएपछि निर्माण व्यवसायीले काम रोकेका थिए।

बर्सातसँगै पहिरो खसेर सडक हिलाम्मे भएको छ । आवतजावतमा समस्या भएको छ। नागरिकलाई सास्ती भएको छ । विसं २०७४ असोज ४ गते १२ दशमलव पाँच किलोमिटर सडक कालोपत्र गर्न रु ४५ करोड ५३ लाख ७२ हजारमा ठेक्का लिएको लामा-समानान्तर जेभीसँग भएको ठेक्काको पछिल्लो म्याद २०७७ चैत २३ गते सकिएको थियो।

अठार महिनामा सकिनुपर्ने सडकको करिब चार वर्षको अवधिमा फराकिलो बनाउने, नाली, पर्खाल निर्माण सकिएको ठाउँमा कालोपत्र गर्न सबबेस राख्ने काम भएको छ । पूर्वाधार विकास कार्यालय म्याग्दीका अनुसार बेनी-दरवाङ सडकको पहिलो प्याकेजको कोरोनाको छ महिना र सार्वजनिक खरिद ऐनको दशौँ संशोधनबाट थपिएको नौ महिनाको म्याद सकिएपछि थप गर्ने सबै आधार सकिएको छ । कार्यालयले हालसम्म ५५ प्रतिशत मात्र भौतिक प्रगति गरेको निर्माण व्यवसायीले जतिसक्दो छिटो काम गर्न नसके धरौटी जफत, जरिवाना र कालोसूचीमा राख्न कानूनी प्रक्रिया अघि बढाउने चेतावनी दिए पनि निर्माण व्यवसायीले दोस्रो लहरको कोरोना भाइरसको जोखिम र निषेधाज्ञाको कारण देखाएर निर्माणकार्यलाई झन् सुस्त बनाएका छन्। सोह्र वर्षअघि मार्ग खुलेको म्याग्दीको 'लाइफ लाइन' मानिएको २४ किलोमिटर दूरीको बेनी-दरवाङ सडकको दोस्रो प्याकेजमा पर्ने सिमबाट लाम्पाटा खण्डको तीन दशमलव छ किलोमिटर सडक निर्माणका लागि ठेक्का प्रस्ताव आह्वान गरिएको छ। विसं २०७८ जेठसम्म सक्ने गरी २०७६ साउनदेखि लाम्पाटाबाट दरवाङसम्मको आठ किलोमिटर सडक विस्तार र कालोपत्र गर्न ठेक्का लिएको बिरुवा-क्याराभान जेभीले ५० प्रतिशत मात्र काम गरेको कार्यालय प्रमुख नवराज पौडेलले बताउनुभयो। बेनी-दरवाङ सडक आयोजनामा भएको ढिलासुस्तीले म्याग्दीको मङ्गला, मालिका र धवलागिरिका बासिन्दालाई असुविधा मात्र होइन समग्र विकासमै असर पुगेको छ।

# वालिङ मालपोतमा माछापुच्छ्रेको एक्सटेन्सन काउन्टर

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ५ साउन**




मालपोत कार्यालय वालिङमा माछापुच्छ्रे बैंकको एक्सटेन्सन काउन्टर शुरु भएको छ । राजस्व संकलन देखि सर्वसाधरणले बैकिङ्क सेवाका लागि सहज बनाउन एक्सटेन्सन काउन्टर संचालनमा ल्याएको हो । मालपोत कार्यालय र सेवाग्राहीमा क्यासलेस बनाउन कार्यालयमा बैकिङ सेवा शुरु गरिएको मालपोत कार्यालय वालिङले जनाएको छ। झण्डै दुईबर्ष अगाडी देखि स्याङ्जा मालपोत कार्यालयमा एक्सटेन्सन काउन्टर शुरु गरेर सेवा प्रवाह गरेको माछापुच्छ्रे बैंकले वालिङ मालपोतबाट पनि काउन्टर संचालनमा ल्याएर सेवा प्रवाह शुरु गरेको हो । बैंकको एक्सटेन्सन काउन्टर वालिङ नगर प्रमुख दिलिपप्रताप खाँणले उद्घाटन गरेर शुभारम्भ भएको छ । काउन्टर उद्घाटन गर्दै नगर प्रमुख खाँणले नाफा भन्दा पनि नागरिकलाई सेवा प्रवाहमा ध्यान दिन आग्रह गरे । सेवा प्रवाहमा सेवाग्राही खुशी हुनुपर्छ नगर प्रमुख खाँणले भने, 'सेवा राम्रो भयो भने नाफा आफै हुनेछ ।' बैंक आफैमा नाफा मुलक संस्था भएपनि नागरिकलाई सहज र सरल बातावरणमा सेवा प्रवाहमा ध्यान दिनुपर्छ उनले भने ।

वालिङ बैकिङ्क सेवाका लागि हब बनेको भन्दै नगर प्रमुख खाँणले सेक्युरीटी पार्टमा पनि ध्यान दिन बैंकलाई सुझाव दिए। अहिले सम्म बैकिङ् सेक्युरिटीमा कुनै घट्ना नभएपनि अनलाईन सेवा प्रवाहमा नागरिकलाई चनाखो बनाउन बैंक लाग्नुपर्नेमा जोड दिए।

मालपोत कार्यालयले बैंक संचालनमा ल्याएर नागरिकलाई थप सुविधा उपलब्ध भएको बताए । देशभरी संचालनमा ल्याइएको एक्सटेन्सन काउन्टर मध्ये बैंकको यो छैटौ रहेको बैंकले जनाएको छ । काउन्टर उद्घाटनमा मालपोत कार्यालय वालिङका प्रमुख रविन अधिकारी, नापी शाखाका प्रमुख दिनेश तिवारी, नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, एनएमबी बैंक वालिङ शाखाका प्रमुख माधव पौडेल लगायतले नागरिकलाई बैकिङ्क सेवामा सहजता मिल्ने उदेश्यले स्थापना गरिएको काउन्टरले बढी भन्दा बढी सेवा लिन पाउनेमा विश्वास व्यक्त गरे । स्याङ्जा सदरमुकाम पुतलीबजार र वालिङ नगरपालिकामा गरी जिल्लामा दुई शाखा मार्फत बैंकले सेवा दिएको छ । १ सय ६२ शाखा रहेको माछापुच्छ्रे बैंकले प्रविधिमैत्री सेवा सगै विदेशी मुन्द्राको पनि कारोवार गर्दै आएको बैंकका वालिङ शाखा प्रमुख खेमराज काफ्ले जानकारी दिए । वालिङ शाखामा १३ हजार सेवाग्राही रहेको बैंकले जनाएको छ।

# वर्षाका कारण १३ सङ्घीय सडक अवरुद्ध

**–सञ्चिता घिमिरे**
**काठमाडौं, ५ साउन**

असारदेखि निरन्तर वर्षाका कारण हाल १३ सङ्घीय सडक अवरुद्ध बनेका छन् । असारयता १३२ सडक अवरुद्ध भएकामा ७३ सडक हाल एकातर्फबाट मात्रै सुचारु रहेको सडक विभागले जनाएको छ।

दैलेख जिल्लामा कर्णाली राजमार्गका जमुनाहा-नेपालगञ्ज-कोहलपुर-सुर्खेत-खुलालु-हिल्सा सडक मंगलबार अवरुद्ध बनेको छ । रसुवा जिल्लाको ठोरी-भण्डारा-मलेखु, गल्छी-त्रिशूली-बेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक असार २७ गते अवरुद्ध भएकामा अझै खुल्न सकेको छैन । सो सडकको त्रिशूली खोला, सानो भार्खु खोला, गाँजाबारीमा अवरुद्ध छ। यस सडकखण्ड तत्काल मर्मत गर्नुभन्दा पनि वैकल्पिक सडक बनाइएको छ। यस खण्डमा वर्षात्को समयमा धेरै ठाउँमा पहिरो खस्ने र निर्माण गरे पनि अवरुद्ध हुने भएकाले वैकल्पिक सडक खुलाइएको हो।

डुम्रे-बेँसीशहर-चामे सडकअन्तर्गत लमजुङको रामबजार, अर्गले, च्याम्चेलगायतका स्थानमा सडक अवरुद्ध छ । अरनिको राजमार्गको लिपिङ्ग पुल अवरुद्ध छ । डुम्रे-बैँसीशहर-चामे सडकअन्तर्गत तनहुँ जिल्लाको भन्सारमा गत महिना १७ गतेबाट अवरुद्ध भएकामा अझै खुल्न सकेको छैन।

सोही सडकको तिमाङ छहरा सडक अवरुद्ध भएकामा अझै खुल्न सकेको छैन । सङ्घीय सडकअन्तर्गतका विभिन्न सडक असारदेखि अवरुद्ध भएकामा दुवैतर्फ सञ्चालन हुन नसकेका स्थानमा विभागले एकातर्फ मात्रै खुलाएर सवारी सुचारु गरिएको छ। तत्काल पूरै सडक खुलाउन नसकिने स्थानमा पनि एकातर्फको पहिरो पन्छाएर पैदलयात्रु र सवारी साधन चल्न सक्ने बनाइएको विभागले जनाएको छ । सडकमा पहिरो खसेपछि खुलाइएको भए पनि सडक वा पुल नै बगाएका स्थानमा बढी समय लागेको छ।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको पिपलडाँडा, साँफेबगर-मार्तडी-कोल्टी सडक बल्दे-अमकोटखण्डमासडकअहिले एकातर्फबाट मात्रै सञ्चालनमा छ । कर्णाली राजमार्गअन्तर्गत दैलेखको बाङ्गेसिमल, कालाखाला सैनसडकखण्ड, दरबाटे, बोटखाला सडकखण्ड पनि एकातर्फबाट मात्रै सञ्चालनमा छ।

खोड्पे-चैनपुर सडक बैतडीको ढोल्यामोड र बझाङको तमैल कचाली र हडडे खोला, रिला, वलेनामा आंशिकरुपमा मात्रै सञ्चालनमा आएको छ । कालीकोटमा बालीघाट, धनाडा र भिग्ममा सडक एकातर्फबाट मात्रै सञ्चालनमा ल्याउन सकिएको छ । विभागअन्तर्गतका डिभिजन सडक कार्यालय र हेभि इक्युपमेन्ट कार्यालयले अवरुद्ध सडक खुलाइरहेका छन्। ती कार्यालयले आफूसँग भएका उपकरण र आवश्यक भएमा अरु कार्यालयबाट थप उपकरण माग गरेर अवरुद्ध खुलाइरहेका हुन् । चालू आवमा बढी वर्षा भइरहेकाले धेरै सडक अवरुद्ध छन्।

असारको पहिलो सातामा नै भारी वर्षा भएकाले अहिलेसम्म धेरै क्षति भएको विभागका उपमहानिर्देशक भीमार्जुन अधिकारीले बताउनुभयो । उहाँका अनुसार चालू आवमा गत आवभन्दा बढी क्षति भएको अनुमान गरिएको छ। त्यहाँ कति रकम बराबरको क्षति भएको छ भनी यकिन भने छैन । उहाँले भन्नुभयो, "प्राविधिक गएर हेरेपछि मात्रै वास्तविक क्षति थाहा हुनेछ।"

# राष्ट्रिय नागरिक पार्टीको गण्डकी प्रदेश अध्यक्षमा रिजाल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**




राष्ट्रिय नागरिक पार्टीले गण्डकी प्रदेश अध्यक्षमा नवलपुर गैंडाकोटका ठानिश्वर रिजाल पशुपतिलाई चयन गरेको छ।

६३ वर्षको लामो राजनैतिक इतिहास बोकेका रिजाल पुर्व नेपाली काङ्गेसका क्रियाशिल सदस्य हुन । देश विकासमा बैकल्पिक शक्तिको रूपमा द्रुत गतिमा अघि बढीरहेको राष्ट्रिय नागरिक पार्टीको सिद्धान्तले सार्है मन छोएको र वास्तविक रूपमा देश र जनताको हितमा यो पार्टीले काम गर्ने अभियानमा आफू पनि सहभागी बन्ने दृढ संकल्प साथ पार्टी प्रवेश गरेको बताउनु भयो।

राष्ट्रिय नागरिक पार्टीले वहाँको सामाजिक तथा राजनैतिक योगदानको उच्च सम्मान गर्दै केन्द्रिय सदस्य एवम् गण्डकी प्रदेश अध्यक्षको जिम्मेवारी प्रदान गरेको हो।

पार्टीको जिल्ला कार्यालय चितवन भरतपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा माडी नगरपालिका ४ का तुमराज महतो, राम महतो, कालिका नगरपालिका ५ का सन्तकुमार चौधरी, २ का कृष्ण बहादुर गुरुङ, ३ का निर बहादुर पाखीन र मीन बहादुर गुरुङहरु अन्य पार्टी परित्याग गरि राष्ट्रिय नागरिक पार्टीमा प्रवेश गर्नुभएको छ । पार्टीका केन्द्रीय अध्यक्ष शुक्र बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत केन्द्रीय सहमहामन्त्री सागर कार्की र सन्चालन सहसचिव आनन्द थापाले गर्नुभएको थियो।

# कोरोना सङ्क्रमण बढ्दै

**रासस**
**काठमाडौं, ५ साउन**

नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ । पछिल्लो २४ घण्टामा सङ्क्रमितको सङ्ख्या बढेर तीन हजार १०८ पुगेको छ।

सोमबार सङ्क्रमितको सङ्ख्या दुई हजार ४४५ थियो भने आइतबार सो सङ्ख्या एक हजार ८०१ रहेको थियो। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या सात लाख २१ हजार दुई पुगेको छ।

पछिल्लो २४ घण्टामा थप आठ हजार ८३६ को पिसिआर परीक्षण तथा चार हजार २९९ को एन्टिजेन परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। पिसिआर विधिबाट दुई हजार २०२ तथा एन्टिजेन विधिबाट परीक्षण गर्दा ९०६ मा सङ्क्रमण पुष्टि भएको हो । सोमबार सात हजार ८३३ को पिसिआर परीक्षण गर्दा एक हजार ६४२ तथा तीन हजार ८३१ को एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दा ८०३ मा सङ्क्रमण पुष्टि भएको थियो । यस्तै आइतबार छ हजार ६२८ को पिसिआर परीक्षण गर्दा एक हजार २२३ तथा तीन हजारको एन्टिजेन विधिबाट परीक्षण गर्दा ५७८ मा सङ्क्रमण पुष्टि भएको थियो।

हालसम्म छ लाख ३४ हजार ७२७ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर एक हजार ५९५ सङ्क्रमित निको भई घर फर्किएको मन्त्रालयले जनाएको छ। सोमबार एक हजार २५८ सङ्क्रमित निको भएर घर फर्किएका थिए भने आइतबार एक हजार ६६७ जनामा सञ्चो भई घर फर्किएका थिए । काठमाडौँ उपत्यकामा पछिल्लो समय ७१९ सङ्क्रमित थपिएका छन् । काठमाडौँका ५३१, भक्तपुरका ४१ तथा ललितपुरका १४७ जना रहेका मन्त्रालयले जनाएको छ।

सोमबार उपत्यकामा ४७४ सङ्क्रमित थपिएका थिए । काठमाडौँमा ३३०, ललितपुरमा ५६ तथा भक्तपुरमा ८८ जनामा सङ्क्रमण पुष्टि भएको थियो । यस्तै आइतबार उपत्यकामा ३३४ सङ्क्रमित थपिएका थिए भने काठमाडौँका २३४, भक्तपुरका ३६ तथा ललितपुरका ६४ सङ्क्रमित रहेका थिए।

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणबाट थप २५ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार ६०७ पुगेको मन्त्रालयले जनाएको छ। सोमबार कोरोनाबाट ३२ जनाले ज्यान गुमाएका थिए भने आइतबार कोरोना भाइरसका कारण २३ जनाको मृत्यु भएको थियो।

# घरघरमा तुलसी रोपियो

**रासस**
**काठमाडौं, ५ साउन**

प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन घरघरमा तुलसीको बिरुवा सारी चार महिनासम्म गरिने विशेष पूजा आराधना मंगलबारदेखि शुरु भएको छ।

एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घरघरको तुलसी मोठमा राखिएको दलको बिरुवा आज मोठमा रोपिएको हो। सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रुपमा मानिन्छ। आजदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा आराधना हुन्छ। आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्नुहुने भएकाले आजको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । भगवान् विष्णु शयन गर्नुहुने चार महिनालाई चतुर्मासा पनि भनिन्छ। एक वर्षमा २४ एकादशी पर्छन् । सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर व्रत बस्छन् । नसक्नेले चतुर्मासाका चार महिनामा पर्ने आठ एकादशीमा व्रत गर्छन् । कामकाजमा सक्रिय हुनुपर्ने र चार महिनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन्।

हरिशयनी एकादशीका अवसरमा आजबिहानैदेखिराजधानीकोबूढानीलकण्ठ, उपत्यकाका चार नारायणलगायत देशभरका नारायण एवं विष्णु मन्दिरमा भक्तजनको भीड लाग्ने भए पनि यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलने डरले २५ भन्दा बढीको भीडभाड नगर्न सरकारले सार्वजनिकरुपमा आह्वान गरेकाले कमै दर्शनार्थी पुगेको जनाइएको छ। उपत्यकाका मुख्य मुख्य मन्दिर बन्द गरिएको छ।

केही खुलेका मन्दिरमा भने भक्तजनले भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर पूजा, आराधना एवं दर्शन गरेका छन् । एकादशीका दिन विशेष गरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिँडोलगायत फलाहार गर्ने गरिन्छ । वैज्ञानिकरुपमा पनि बढी अक्सिजन पाइने प्रमाणित भएको तुलसी विभिन्न रोगका लागि औषधिका रुपमा समेत प्रयोग गरिन्छ। कोरोनाको जोखिम कायम रहेका बेला मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्न तुलसीबाट बनेको चिया प्रभावकारी हुने आयुर्वेद चिकित्सक डा शेषराज आचार्य बताउनुहुन्छ । सिंहदरबार वैद्यखाना विकास समितिले बनाएको तुलसीको चियाको माग अहिले बढेको छ।

तुलसीको मोठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वाससमेत गरिन्छ। वास्तु दोष भएका स्थानमा तुलसीको मोठ राख्नाले सकारात्मक फल प्राप्त हुने मान्यतासमेत छ । तुलसी भएका स्थानमा शुद्ध हावा बहने तथ्यसमेत वैज्ञानिकरुपमा पुष्टि भएको छ। चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशीअर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ।

तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्निस्थापना विधिबाट पूजा आराधनासहित चतुर्मासा व्रतको उद्यापन गरिन्छ । उद्यापनका बेला हवनसहित साङ्गे गर्ने परम्परा छ।

# निषेधाज्ञामा ६८० महिला तथा बालबालिकामाथि हिंसा

**रासस**
**काठमाडौं, ५ साउन**

कोभिड-१९ रोकथामका लागि जारी भएको निषेधाज्ञाको समयमा ६८० महिला तथा बालबालिकामाथि हिंसाको घटना भएको छ।

महिला पुनःस्थापना केन्द्र(ओरेक) ले सङ्कलन गरेको घटनाका आधारमा निषेधाज्ञाको समयमा धेरै महिला र बालबालिका पीडित भएको पाइएको हो । ओरेकले वैशाख १६ देखि असार ३१ गतेसम्म सङ्कलन भएका घटनाका आधार बनाएर अध्ययन गरेको थियो । सो अवधिमा अभिलेखीकरण भएकामध्ये सबैभन्दा बढी ३४१ घटना घरेलु हिंसा रहेको छ। झण्डै ५० प्रतिशत घरेलु हिंसाको घटना भएको तथ्याङ्कले देखाएको छ । एक सय ६८ शारीरिक हिंसा, ५८ गालीगलौच र मानसिक हिंसा, ३७ वटा चारित्रिक आरोपका घटना छन्। घटना हुनुको कारण विश्लेषण गर्दा महिलाले दाइजो नल्याएको वा कम ल्याएको, छोरा नजन्माएको निहुँ, विवाहको लामो समयसम्म सन्तान नजन्मिएको लगायत विषयमा महिलालाई दोष लगाएर गालीगलौच गरेको पाइएको छ। हिंसा पीडिक महिलामध्ये २८ जनालाई परिवारमा माया नदिएर बेवास्ता गरिएको, १० जनालाई विवाह दर्ता नभएको, आठलाई नागरिकता नबनाएको र पाँच जनालाई स्वास्थ्योपचार नदिएको बताइएको छ।

यस अवधिमा भएका घटनामध्ये २१ प्रतिशत बलात्कार, नौ प्रतिशत सामाजिक हिंसा, एक प्रतिशत बलात्कारको प्रयास, तीन प्रतिशत यौन दुर्व्यवहार र दुई प्रतिशत हत्याको प्रयास रहेको छ। यस अवधिमा तीन आत्महत्याको प्रयास, पाँच एसिड आक्रमण, १७ अलपत्र पारिएको र एक विद्युतीय अपराधसँग सम्बन्धित घटना रहेको छ। यस अवधिमा भएका घटनाका आधारमा हिंसा गर्नेमा सबैभन्दा धेरै ३११ श्रीमान् रहेका छन्। एक सय १८ परिवारका अरु सदस्य रहेका छन् । सो तथ्याङ्कका आधारमा घर र परिवारमा सबैभन्दा सुरक्षित हुनुपर्ने भए पनि त्यही महिला र बालिका असुरक्षित भएको पाइएको छ।